Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/23**

**2 0 2 3**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

General Instructions :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख : 1×10=10

(क) ''के गर्नु त्यस्तै त हो नि, कैले गुन्द्रीसुन्द्रीमा र कहिले 'भाङ्ग्रा' टाटमा घाम तापिरहन्छु।''

माथिको वाक्यमा 'भाङ्ग्रा'को अर्थ के हो?

*(i)* घाँस

*(ii)* बाँस

*(iii)* गुन्द्री

*(iv)* पराल

(ख) कृष्णराय धेरै झगडामा के भएका थिए?

*(i)* सहभागी

*(ii)* मध्यस्थ

*(iii)* शत्रु

*(iv)* मित्र

(ग) ''स्वास्नीलाई माइत धपाइहालिस् अब एक्लै मोज गर् बस्।''
माथिको वाक्यमा स्वास्नीलाई माइत धपाउने को हो?

*(i)* जुठे

*(ii)* रामे

*(iii)* चामे

*(iv)* कृष्णराय

(घ) नेपाली भाषामा बाइबलको अनुवादक को थिए?

*(i)* राजीवलोचन

*(ii)* गङ्गाप्रसाद प्रधान

*(iii)* पारसमणि प्रधान

*(iv)* मि० बेन्स

(ङ) आधुनिक शिक्षकलाई केले फुर्सत लिन दिँदैन?

*(i)* समाजले

*(ii)* समारोहले

*(iii)* राजनीतिले

*(iv)* जयन्तीले

(च) 'गुन्द्रुकको पुकार' के हो?

*(i)* कथा

*(ii)* नाटक

*(iii)* निबन्ध

*(iv)* कविता

(छ) "अक्षर त छापाबराबर राम्रा रहेछन्।"

माथिको वाक्यमा कसका अक्षर छापा बराबर छन्?

*(i)* भवदेवका

*(ii)* रूपनारायणका

*(iii)* इन्दिराका

*(iv)* मुकुन्दका

(ज) 'मुकुन्द-इन्दिरा' नाटक कति अङ्क र दृश्य-मा बाँडिएको छ?

*(i)* पाँच अङ्क र सत्र दृश्य

*(ii)* छ अङ्क र अठार दृश्य

*(iii)* चार अङ्क र बीस दृश्य

*(iv)* पाँच अङ्क र अठार दृश्य

(झ) 'मुना-मदन' कस्तो काव्य हो?

*(i)* महाकाव्य

*(ii)* खण्डकाव्य

*(iii)* गीतिकाव्य

*(iv)* कोषकाव्य

(ञ) मदन ह्लासा जाने कुराले मुनाको मन कति बाजि धडकन्छ?

*(i)* पचासबाजि

*(ii)* चालीसबाजि

*(iii)* साठीबाजि

*(iv)* बीसबाजि

**2.** कोष्ठमा दिइएका सही शब्द छानेर रित्तो ठाउँ पूरा गर : 1×5=5

(क) यो भाषा कुनै निश्चित जातको ______ होइन रहेछ। (मातृभाषा/पेवा-भाषा)

(ख) कृष्णराय जुरमुरिंदै उठे, तबसम्म ______ भागिसकेको थियो। (बन्दुकधारी/आक्रमणकारी)

(ग) तपाईँलाई सञ्चै छ? के यो सोधि पठाउने, यहाँ मलाई सञ्चै छ, कि यो ______? (भनि पठाउने/लेखि पठाउने)

(घ) ती ______ दूधको घुडकाले गला रसाऊ। (बाबालाई/आमालाई)

(ङ) अहिले माग्दिनौ भने पछि एक मात्र होइन ______ वर माग्नुपर्ला। (चार/दुइ)

**3.** तलका वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) भवदेव मुकुन्दका काका हुन्।

(ख) मदनकी आमाको एउटा ठूलो घर बनाउने इच्छा छ।

(ग) तीर्थयात्रामा समेत गुन्द्रुकलाई साथमा लैजान्छन्।

(घ) सबैलाई उपदेश दिने एउटा नराम्रो बानी कृष्णरायमा छ।

(ङ) डिट्ठा चन्द्रबहादुरले स्वास्नी छोराछोरी बटुली झींगेदाउ खेल्न लागेको थियो।

SECTION—II

( *Marks* : 30 )

**4.** तलका प्रश्नहरूको *5/6* वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 3×5=15

(क) मुकुन्द को हो? उ किन कलकत्ता गएको छ?

(ख) मदनले भोटमा के-के वस्तुहरू देख्छ?

(ग) ''अहिले सुराको भाँडा फालेर हतियार समात्नु नै श्रेय छ।''
माथिको वाक्य कसले कसलाई किन भनेको हो?

(घ) हिन्दुस्तानको उत्तर-पश्चिमतर्फबाट नेपाल पस्ने ब्राह्मणहरू को थिए? उनका सन्तानहरू के भए?

(ङ) आधुनिक शिक्षकको छात्र-जीवन कस्तो थियो?

(च) ''किन होला नाथ! मानवजातिले मलाई हेला गरेको?''
माथिको वाक्य कुन पाठमा पाइन्छ? यसका लेखक को हुन्? यहाँ मानवजातिले कसलाई हेला गरेको छ?

(छ) चामेले पानी बोकेको देखेर जुठेकी स्वास्नीले के भनी? चामेले कसरी उत्तर दिन्छ?

**5.** (क) तलका शब्द पुंलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुंलिङ्ग बनाऊ : ½×6=3
छोरी ; रानीसाहेब ; बाघ ; देवता ; नर ; फुपू।

(ख) तलका शब्दबाट धातु र प्रत्यय छुट्टाऊ : 1×3=3
लेखोट ; पढन्ते ; उड्वा।

(ग) तलका वाक्यमा कहाँ-कहाँ विभक्तिका चिह्न लागेका छन्? छुट्टाएर लेख : 1×3=3

*(i)* यिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिंदैनथ्यो।

*(ii)* उनको यौटा पाटी र धाराको इच्छा पुऱ्याऊँ।

*(iii)* दैवले आज हामीमाथि दया गरी तपाईँको सिधा डोरी बाटो लायो यतातिर।

(घ) तलका शब्दबाट उपसर्ग छुट्टाऊ : ½×6=3

कुविचार ; प्रतिकूल ; अनुनय ; उपचार ; उद्‌गम ; प्रगति।

(ङ) तलका उखानका अर्थ लेख : 1×3=3

*(i)* अकबरी सुनलाई कसी लाउनु पर्दैन

*(ii)* हुने बिरुवाको चिल्लो पात

*(iii)* वनको काँडालाई तिखार्नु पर्दैन

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसँग व्याख्या गर (कुनै **दुइ**) : 5×2=10

(क) के गछ्र्यौं ज्ञानमा मात्र शान्ति छ, ज्ञान घोटी पिलाएर पिइँदैन, तसर्थले उनी डुबिरहेकै छन्

(ख) नमान डर ईश्वर छ भर, बुझाई बसे मन, अँध्यारो हुन्न सधैंलाई प्यारी! फर्केर आउला दिन।

(ग) आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नुपर्ने। तर मनुष्यको स्वभाव कसले जान्नसक्छ र!

(घ) यो भाषा कुनै निश्चित जातको पेवा-भाषा होइनरहेछ तर यो समस्त नेपाली जातिको मातृभाषा रहेछ।

**7.** चतुरे को हो? उसकी आमाले ''अङ्ग्रेजी पढ्यो कि मान्छे बिग्रन्छ भनेको साँच्चै रहेछ''। भन्ने गुनासोलाई कसरी उत्तर दिएको छ? 5

**अथवा**

चामे किन ससुराली जान्छ? ससुरालीमा उसको मनमा के-के कुरा खेल्छन्?

**8.** खस कुरा वा खस भाषा भनेको के हो? खसहरूको उल्लेख कहाँ-कहाँ पाइन्छ? 5

**अथवा**

'आधुनिक शिक्षक' कसको के हो? आधुनिक शिक्षकले के-के कुरा जानेको छ?

**9.** मदन को हो? ऊ किन भोट जान्छ? बुझाएर लेख। 5

**अथवा**

मुनाको चरित्र चित्रण गर।

**10.** इन्दिराको चरित्र चित्रण गर। 5

**अथवा**

मुकुन्दले किन इन्दिराको परीक्षा लिन्छ? के ऊ परीक्षामा सफल हुन्छ?

**11.** अनलाइन शिक्षा 'कस्तो शिक्षा हो' भन्ने कुरा खुलाउँदै आफ्नो साथीलाई पत्र लेख। 5

**12.** तलको कुनै **एउटा** विषय छानेर *200* शब्दभित्र निबन्ध लेख : 10

(क) आफू बाँचे स्वर्ग देखिन्छ

(ख) मोबाइल फोन कति नाफा कति नोक्सान

(ग) स्वास्थ्य नै धन हो

(घ) तिमीलाई मन पर्ने लेखक

(ङ) पर्यटन

**13.** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूका उत्तर लेख :

आलु कस्तो मिलनसार छ भने गान्टोमा स्वयम् गान्टे मूलादेखि लिएर अग्लोमा लौकासम्म, चुच्चोमा स्वयम् चुच्चे करेलादेखि लिएर बुच्चेमा परवलसम्म, खाँदिएकोमा गुन्द्रुकदेखि लिएर बाँधिएको कुरिलोसम्म, जेसँग जसरी मिलाइदिनुहोस् ठ्याम्मै मिलिहाल्छ। त्यसैले धनी, गरीब, माग्ने, विद्वान्, लम्फु, लटठु साराका भान्सामा आलुको सम्मान छ, समान प्रवेश र प्रतिष्ठा छ। यस अर्थमा आलुलाई समाजवादी, बुद्धिवादी जे नाम दिए पनि मूल सिद्धान्त आलुवाद हो। जतिसुकै समानताको आदर्श राखे पनि आफू आफूमा मेल नगर्नु आलुवादको विशेषता हो।

**प्रश्नहरू :**

(क) आलु किन मिलनसार छ? 1

(ख) आलु के-केसँग ठ्याम्मै मिल्छ? 1

(ग) आलुको सम्मान कहाँ-कहाँ छ? 1

(घ) आलुवादको सिद्धान्त के हो? 1

(ङ) यस अनुच्छेदको शीर्षक के हो? 1

★★★